# विचार

हजारौं सेनाहरूभन्दा चार विरोधी समाचारपत्रबाट अधिक डराउनुपर्छ।
– नेपोलियन

एक निष्पक्ष समाचारपत्र विश्वलाई देख्ने झ्याल हुन सक्छ।
– स्टेनिस्ला लेक

## सम्पादकीय

नेपाल समाचारपत्र NEPAL SAMACHARPATRA

### ठूला सपना बाँड्नुभन्दा स-साना काम गर

दुई तिहाइ बहुमतको दम्भका साथ देश र जनतालाई समृद्ध बनाउने उपयुक्त एजेन्डासहित अघि बढेको सरकारको आयु ५ महिना बित्न लागिसक्यो । 'हुने बिरुवाको चिल्लो पात' भनेझैँ आमजनताको भरोसाप्रति यो सरकारले निकै आशा जगाएको पनि थियो । यो अवधिसम्म सरकारकले जति जोश–जाँगरका साथ गति बढाए पनि दलीय स्वार्थभन्दा माथि उठ्न नसकेको र इमानदारिता देखाउन नसकेको आरोपहरू त्यत्तिकै आइरहेको छ । अझ पछिल्लो समय त मनलाग्दी भाषण मात्र गरेर हिंड्ने यो सरकारको आयु जति लामो हुन्छ उति नै देश र जनताको पतन चाँडै हुन्छ भनेर समेत बौद्धिक व्यक्तित्वहरूले तर्क गर्न थालिसके । सरकारको आयु लम्बिदै जाँदा वावाही पाउनुको सट्टा उल्टो आलोचना बढ्नुले सरकार इमानदारिताका साथ अघि नबढेको प्रस्ट्याउँछ ।

न्यायालयमा इमानदारिताको प्रतिमूर्तिको रूपमा परिचित पूर्वप्रधानन्यायाधीश सुशीला कार्कीले त पत्रकार सम्मेलन नै गरेर सरकारको पछिल्लो क्रियाकलापबारे विश्लेषण गरी सामन्तीको कित्तामा गएको भन्दै यो सरकार खत्तम रहेको बताउनुभयो । प्रमुख प्रतिपक्ष दल कमजोर रहेको फाइदा उठाउँदै दुई तिहाइको दम्भमा दलीय र व्यक्तिगत स्वार्थअनुसार मात्र अघि बढेको सरकार स्वतन्त्र एवम् बौद्धिक व्यक्तित्वहरूको सुझावसमेत सुन्न चाहँदैन । सरकार आफूले जे गरेको छ, त्यो नै देश र जनताको लागि सबैभन्दा राम्रो काम हो भन्ने भावनाका साथ अघि बढेको देखिन्छ । आफ्नो छोराको हत्यारालाई कार्वाही गरी न्याय पाऊँ भनेर आमरण अनशनमा बसेकी गंगामाया अधिकारी हुन् वा गरिबका छोराछोरीले पनि मेडिकल शिक्षा पढ्न पाऊन्, आमनागरिकले गुणस्तरीय स्वास्थ्य उपचार पाऊन् भन्ने माग राखेर आमरण अनशन बसेको प्रा.डा. गोविन्द केसी हुन्, कसैको आवाज सुन्दैन यो सरकार ।

आफ्नो दलीय स्वार्थलाई नै जनताको स्वार्थ सम्झने यो सरकारले यही ५ महिनाको अवधिमा ऐन कानुनबाट भन्दा पनि आदेशबाट धेरै काम गर्न खोजेको आरोप पनि लागिरहेको छ । सरकारले गर्नुपर्ने कामको प्राथमिकतालाई हेर्ने हो भने पनि यो सरकार आमजनताप्रति जिम्मेवार नभएको देखिन्छ । आमजनता महँगीको मारमा परेका छन् । किसानले आफ्नो उत्पादनको उचित मूल्य पाउन सकेका छैनन् । किसानले बिक्री गरेको मूल्य र उपभोक्ताले खरिद गरेको मूल्य २ सय प्रतिशतसम्म फरक छ । तलदेखि माथिसम्म बिचौलियाहरूको राज छ । बर्सेपिच्छे हुने प्राकृतिक प्रकोप न्यूनीकरणको लागि कुनै प्रभावकारी योजना छैन । सडकको अवस्था कस्तो छ, मतलब छैन । भूकम्पपीडितको समस्या अझै उस्तै छ । ठूला–ठूला सपना मात्र बाँड्नुभन्दा स–साना काम गरेमा आमजनता लाभान्वित हुन्छन् ।

**लेखकहरूलाई अनुरोध**

१२०० शब्दसम्मका उत्कृष्ट लेख-रचना एवम् छोटा पाठक-पत्रहरू निम्न ठेगानामा पठाउनुहुन अनुरोध गरिन्छ।

email : samacharpatrac@gmail.com, lekh_rachana@yahoo.com

# पहिलो प्रादेशिक बजेटको सन्देश



रूपनारायण खतिवडा

> प्रदेश नं. ४ बाहेक सबै प्रदेशले निर्वाचन क्षेत्र विकास कार्यक्रमका नाममा वितरणमुखी बजेट निर्माण गरेका छन्। आमरूपमा सांसद विकास कोष भनेर चिनिने निर्वाचन क्षेत्र विकास कार्यक्रम र निर्वाचन क्षेत्र पूर्वाधार विशेष कार्यक्रमको कार्यान्वयन एवं खर्चको सदुपयोगको सन्दर्भ विगतदेखि नै आलोचित बनिरहेको स्थितिलाई नजरअन्दाज गर्दै, संघीय बजेटको सिको गर्दै पहिलो प्रादेशिक बजेटमा समेत यस किसिमको वितरणमुखी बजेटलाई स्थान दिइनु आफैंमा गलत कदम हो।

देशका सातवटै प्रदेशमा प्रादेशिक बजेट पेश भई प्रदेशसभाहरूमा छलफलको क्रममा रहेको छ। अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा २१ (२) ले प्रदेशको अर्थमन्त्रीले प्रत्येक वर्ष असार महिनाको १ गतेभित्र आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान प्रदेशसभामा पेस गर्नुपर्ने व्यवस्था गरेको छ। तदअनुरूप, ऐनले निर्दिष्ट गरेको समयसीमाभित्रै सातवटै प्रदेशका आर्थिक मामिला तथा योजना मन्त्रीहरूले आर्थिक वर्ष २०७५/७६ का लागि आ-आफ्ना प्रदेश सरकारको बजेट प्रदेशसभामा पेस गरेका हुन्। मुलुक संघीय संरचनामा गएपछि नेपालको इतिहासमा नै प्रथमपटक प्रदेश संसद्हरूमा प्रादेशिक बजेट पेस भएको यो घटनाक्रमको ऐतिहासिक महत्व त छँदै छ, सँगसँगै बजेटहरूमा समाविष्ट अन्तर्वस्तुलाई विश्लेषण गर्दा प्रादेशिक बजेटले आफ्नै किसिमको सन्देशसमेत प्रवाह गरिरहेको पाइन्छ।

प्रदेशगत बजेटको अवस्था हेर्दा सातवटै प्रदेशहरूले गरी कुल २ खर्ब ६ अर्ब ८० करोड १३ लाख ४२ हजार रुपियाँ बराबरको बजेट अघि सारेका छन्। आगामी आर्थिक वर्षका लागि कुल ३५ अर्ब ९३ करोड ६० लाखको बजेट अघि सारेको प्रदेश नं. १ ले कुल बजेटमध्ये चालू खर्चतर्फ ४१ दशमलव ५ प्रतिशत, पूँजीगततर्फ ५१ दशमलव ५ प्रतिशत र वित्तीय व्यवस्थाअन्तर्गत ७ प्रतिशत बजेट विनियोजन गरेको देखिन्छ। प्राथमिकताका हिसाबले भौतिक पूर्वाधार, कृषि, जलस्रोत, ऊर्जालगायतका क्षेत्रहरू प्रदेशका प्राथमिकतामा रहेका छन् भने प्रदेशको गुरुयोजना तयार पार्ने, प्रत्येक निर्वाचन क्षेत्रमा एउटा सडक र पुल निर्माण गर्ने, १५ वर्षमा ४ हजार ५ सय मेगावाट विद्युत् उत्पादन गर्नेजस्ता कार्यक्रमहरू प्रदेश नं. १ को बजेटमा समेटिएका छन्। यसै गरी, प्रदेश नं. २ ले २ ९ अर्ब ७८ करोड ६९ लाख ३८ हजारको बजेट आगामी आर्थिक वर्षका लागि सार्वजनिक गरेको छ। कुल बजेटमध्ये चालू खर्चतर्फ ४८ दशमलव ६ प्रतिशत र पूँजीगततर्फ ५१ दशमलव ४ प्रतिशत विनियोजन गरेको देखिन्छ। प्राथमिकताका हिसाबले भौतिक पूर्वाधार, कृषि, शिक्षा, सिंचाइलगायतका क्षेत्रहरू प्रदेशका प्राथमिकतामा रहेका छन्। प्रदेश नं. २ ले मुख्यमन्त्री स्वच्छता अभियान, किसानको हित, सरकारको जीत, बेटी पढाउ, बेटी बचाऊ जस्ता कार्यक्रमहरू बजेटमा समेटेको छ।

यस्तै प्रदेश नं. ३ ले आगामी वर्षका लागि कुल ३५ अर्ब ६१ करोड ५६ लाखको बजेट अघि सारेको छ भने कुल बजेटमध्ये चालू खर्चतर्फ ३८ दशमलव ९ प्रतिशत, पूँजीगततर्फ ६१ दशमलव शून्य ८ प्रतिशत बजेट विनियोजन गरेको देखिन्छ। प्राथमिकताका हिसाबले भौतिक पूर्वाधार, सडक, कृषि, पर्यटनलगायतका क्षेत्रहरू प्रदेशका प्राथमिकतामा रहेका छन्। एक जिल्ला, एक शीत भण्डार, विद्युतीय ट्रान्सपोर्ट प्रणाली, पुष्पलाल प्रदेश चक्रपथ, हेटौंडा-काठमाडौं रोपवे सञ्चालनजस्ता कार्यक्रमहरू प्रदेशको बजेटमा समाविष्ट रहेका छन्।

प्रदेश नं. ४ ले २४ अर्ब २ करोड ३३ लाखको बजेट सार्वजनिक गरेको छ। जसमध्ये चालू खर्चतर्फ २ ९ प्रतिशत, पूँजीगततर्फ ६६ प्रतिशत र वित्तीय व्यवस्थातर्फ ५ प्रतिशत बजेट विनियोजन गरेको तथ्यांक छ। भौतिक पूर्वाधार, कृषि, पर्यटनलगायतका क्षेत्रहरू प्रदेश नं. ४ को समेत प्राथमिकतामा रहेका छन्। एक निर्वाचन क्षेत्र, एक स्तरीय सडक कार्यक्रम, मुख्यमन्त्री वातावरणमैत्री नमुना कृषि गाउँ कार्यक्रम, एक स्थानीय तह, एक शीत भण्डारजस्ता कार्यक्रमहरू प्रदेश नं.४ ले बजेटमार्फत अघि सारेको देखिन्छ। प्रदेश नं. ५ ले चालू खर्चतर्फ ४० दशमलव ८ प्रतिशत र पूँजीगत खर्चतर्फ ५९ दशमलव २ प्रतिशत बजेट रहने गरी २८ अर्ब ९ करोड ३ लाखको वार्षिक बजेट सार्वजनिक गरेको छ। पूर्वाधार विकास, उद्योग, सिंचाइ, खानेपानी, पर्यटन, शिक्षालगायतका क्षेत्रहरूले यो प्रदेशको बजेटमा उच्च प्राथमिकता पाएका देखिन्छन्।

यसै गरी, प्रदेश नं. ६ अर्थात् कर्णाली प्रदेशले २८ अर्ब २८ करोड २८ लाख २८ हजारको बजेट आगामी आर्थिक वर्षका लागि प्रस्तुत गरेको छ। जसमा, चालू खर्चतर्फ २३ दशमलव ५ प्रतिशत, पूँजीगत खर्चतर्फ ७५ दशमलव १ प्रतिशत र वित्तीय व्यवस्था शीर्षकमा १ दशमलव ४ प्रतिशत बजेट रहेको छ। कर्णाली प्रदेशको विकास र समृद्धिका लागि प्रदेश सरकारले जल, जंगल, जमिन तथा जडीबुटीलाई प्रमुख आधार मान्दै अन्य प्राथमिकताका क्षेत्रहरूमा समेत बजेट विनियोजन गरेको छ। कुल २५ अर्ब ६ करोड ५६ लाख १४ हजारको बजेट सार्वजनिक गरेको प्रदेश नं. ७ ले कुल बजेटमध्ये ५३ दशमलव ३ प्रतिशत हिस्सा चालू खर्चतर्फ तथा ४६ दशमलव ७ प्रतिशत हिस्सा पूँजीगत खर्चतर्फ विनियोजन गरेको तथ्यांक छ। यो प्रदेशको बजेटले कृषि, पूर्वाधार निर्माण, पर्यटन, जलस्रोत, जडीबुटीलगायतका क्षेत्रहरूलाई प्राथमिकतामा राखेको देखिन्छ।

समग्रमा हेर्ने हो भने, सातवटै प्रदेशहरूको बजेटमा सडक, ऊर्जा, सिंचाइजस्ता भौतिक पूर्वाधार विकासका क्षेत्रहरू, शिक्षा, स्वास्थ्य, मानव विकासजस्ता सामाजिक विकासका क्षेत्रहरू र मूलतः आधारभूत आवश्यकता परिपूर्तिका विषयहरूलाई समेटिएको देखिन्छ। अर्कोतर्फ, सातवटै प्रदेश सरकारले प्रदेशसभामा पेस गरेको बजेटमा केही साझा कमजोरीहरू पनि रहेका छन्। अन्तर-सरकारी वित्त व्यवस्थापन ऐनको दफा २० ले नेपाल सरकारले राजस्व र व्ययको अनुमान पेस गर्नुअगावै संघीय संसद्मा आर्थिक सर्वेक्षण पेस गर्नुपर्ने व्यवस्था गरेको छ। तर, प्रदेश र स्थानीय तहका हकमा यो व्यवस्था ऐनले समेटेको छैन। फलस्वरूप, कुनै पनि प्रदेश सरकारले वार्षिक बजेट प्रस्तुत गर्नुअघि आर्थिक सर्वेक्षण पेस गर्न आवश्यक ठानेनन्। यद्यपि, आर्थिक सर्वेक्षणमार्फत समग्र प्रदेशगत क्षेत्रको यथार्थ चित्रण र चुनौती उजागर गर्दै यसकै जगमा टेकेर आगामी वर्षको बजेट निर्माण हुन सकेको भए बजेट थप यथार्थपरक र वास्तविक बन्न सक्ने अवस्था रहन्थ्यो। अर्कोतर्फ, प्रदेशहरूको बजेट र यसले निर्दिष्ट गरेका कतिपय कार्यक्रमहरू महत्वाकांक्षी देखिएकोले कार्यान्वयनमा जटिलता उत्पन्न हुन सक्ने खतरा पनि उतिकै देखिन्छ।

खास गरी, प्रदेश नं. १, २ र ७ ले चालू खर्चतर्फ कुल बजेटको निकै ठूलो हिस्सा विनियोजन गरेका छन्। प्रदेश नं. ७ ले त बजेटको ५३ प्रतिशतभन्दा बढी हिस्सा चालू खर्चका लागि विनियोजन गरेको छ। यस किसिमको ठूलो आकारको चालू खर्चले प्रदेशगत विकासले अपेक्षित गति लिन सक्ने अवस्था रहन्न। यसै गरी, प्रदेश नं. ४ बाहेक सबै प्रदेशले निर्वाचन क्षेत्र विकास कार्यक्रमका नाममा वितरणमुखी बजेट निर्माण गरेका छन्। आमरूपमा सांसद् विकास कोष भनेर चिनिने निर्वाचन क्षेत्र विकास कार्यक्रम र निर्वाचन क्षेत्र पूर्वाधार विशेष कार्यक्रमको कार्यान्वयन एवं खर्चको सदुपयोगको सन्दर्भ विगतदेखि नै आलोचित बनिरहेको स्थितिलाई नजरअन्दाज गर्दै, संघीय बजेटको सिको गर्दै पहिलो प्रादेशिक बजेटमा समेत यस किसिमको वितरणमुखी बजेटलाई स्थान दिइनु आफैंमा गलत कदम हो।

देशका सातवटै प्रदेशहरूले प्रादेशिक तहका बजेटहरू पेस गरेसँगै मुलुकमा नयाँ संविधान र संघीयताको कार्यान्वयनले थप फड्को मारेको आभास पाउन सकिन्छ। प्रदेश सरकारहरूले आ-आफ्ना प्रादेशिक सम्भावना र आवश्यकतालाई नजिकबाट पहिचान गरी बजेट तर्जुमा गरेबाट यी बजेटहरूको सफल कार्यान्वयनमार्फत सातवटै प्रदेशमा प्रादेशिक विकासको मार्गप्रशस्त हुन सक्ने अपेक्षासमेत गर्न सकिन्छ। बजेट तर्जुमा र प्रस्तुतिको पहिलो अभ्यास भएकाले बजेटमा केही कमजोरीहरू रहनुलाई एक हदसम्म स्वाभाविक नै मान्न सकिन्छ। यस वर्षको अनुभवले आगामी वर्षहरूको बजेट थप परिष्कृत र एकरूपतापूर्ण हुन सक्ने आशालाई पनि नकार्न सकिने ठाउँ छैन। सबै प्रदेशका नयाँ बजेटले समेटेका प्राथमिकता र कार्यक्रमहरूको सान्दर्भिकता र औचित्य बजेटको सही कार्यान्वयनबाट मात्र पुष्टि हुन सक्ने भएकोले यसतर्फ प्रदेश सरकारलगायत सबै सरोकारवालाहरूको यथेष्ट ध्यान पुग्नुपर्ने देखिन्छ।

## पाठक पत्र

### गंगामाया मर्नै पर्ने हो ?

कान्छो छोरा कृष्णप्रसादको हत्यारालाई पक्राउ गरी कारबाहीको माग राखेर एक दशकदेखि न्यायको भीख माग्दै सत्याग्रहमा होमिएकी गोरखाकी गंगामाया अधिकारीको स्वास्थ्यस्थिति अत्यन्तै चिन्ताजनक बन्न पुगेको छ। नेपाल समाचारपत्रले यो विषयमा निरन्तर समाचार प्रकाशित गरेको छ। मंगलबारको अंकमा पनि समाचार प्रकाशित भएको रहेछ। पछिल्लोपटक अनशनमा बसेको एक महिना पूरा भइसक्दा पनि सरकारले देखाएको उदासीनताले 'ठूलालाई चैन सानालाई ऐन' भन्ने नेपाली उखान चरितार्थ भएको छ। न्याय माग्दा प्राण नै त्याग्नुपर्ने नियति आउनु भनेको मुलुकमा सरकारको उपस्थिति र अस्तित्व नै नरहनु हो।

कानुनी राज्य र लोकतान्त्रिक गणतन्त्रको फोस्रो आदर्श फलाक्ने सरकारले नागरिकको जीउधनको सुरक्षाको ग्यारेन्टी गर्न नसक्नु लज्जास्पद कुरा हो। गंगामायाको नियतिले सरकारको पटाक्षेप मात्रै गरेको छैन, न्याय मर्न लागेको अनुभूतिसमेत गरिएको छ। किनभने, न्यायको पर्खाइमा अनशनरत उनका पति नन्दप्रसाद अधिकारीको ३३४औं दिनको आमरण अनशनपछि ०७१ असोजमा मृत्यु भएको थियो। न्याय नपाएसम्म नन्दप्रसादको अन्त्येष्टि नगर्ने अडानपछि उनको शव अझैसम्म शिक्षण अस्पताल, महाराजगन्जकै शवगृहमा राखिएको छ। गंगामाया समाजकी एक प्रतिनिधि पात्र मात्र हुन्। उनले न्यायका लागि गरेको संघर्ष सम्पूर्ण पीडित पक्षको साझा मुद्दा हो।

गंगामायाको उपेक्षा गर्नु भनेको न्याय मर्नु हो। समग्र पीडितको अपमान हुनु हो। र, राज्यविहीनताको अवस्था हो। आज गंगामायाको नियति वीर अस्पतालको शैयामा मात्र सीमित छैन, समग्र न्यायप्रेमी, मानवअधिकारवादी, प्रेस जगत् र अन्तराष्ट्रिय जगत्ले चासो र चिन्ता व्यक्त गरिरहेको सार्वजनिक विषय हो। त्यति मात्र होइन, मानवअधिकार उल्लंघनका घटना छानबिन र दोषीलाई कारबाही गर्ने दायित्वबाट राज्य पन्छियो भने यो स्वतः द्वन्द्वकालीन मुद्दामा अन्तर्राष्ट्रिय क्षेत्राधिकार आकर्षित हुने विषय पनि हो।

यस्तो गम्भीर विषयमा सरकारले गंगामायाको संघर्ष र स्वास्थ्य अवस्थाप्रति बेखबर बन्नु विडम्बनापूर्ण छ। नेपालले जस्तोसुकै राजनीतिक परिवर्तनमार्फत लोकतान्त्रिक गणतन्त्रलाई संस्थागत गरे पनि मुलुकमा न्याय, मानवअधिकार र कानुनी राज्य नै नरहेपछि ती उपलब्धिको अस्तित्व नहुनु हो। गंगामायाले राष्ट्रदोहन हुने गरी सेवासुविधा मागेकी होइनन्, महँगो गाडी, निवास, सचिवालय, भत्ता र विलासी जीवन बिताउन पनि उनले अनशन रोजेकी होइनन्। आफ्नो निर्दोष छोरालाई निर्मम यातना दिएर हत्या गर्ने हत्याराको कानुनी उपचार मात्रै खोजेकी हुन्। आफ्नै जिन्दगीलाई रित्याएर न्यायको लडाइँ लडेकी गंगामायाप्रति बेवास्ता गरेर सरकार कुन नैतिक धरातलमा टेकेर शासन गर्न सक्छ ?

स्मरणीय छ, गंगामायाका किशोर छोरा कृष्णप्रसादलाई तत्कालीन माओवादी कार्यकर्ताले ०६१ जेठ २४ गते निर्मम यातना दिएर पूर्वी चितवनको बकुलहर चोकमा बीभत्स ढंगले हत्या गरेका थिए। हत्यारालाई कारबाहीको माग राख्दै स्व. नन्दप्रसादले चितवन प्रहरीमा किटानी जाहेरी दिएका थिए। चितवन जिल्ला अदालतमा मुद्दाको सुनुवाइ भइरहँदा विभिन्न बहानामा पटक-पटक मुद्दाको पेसी सर्दै आएको छ। कृष्णप्रसादको हत्यापछि विक्षिप्त भएका जेठा छोरा नूरप्रसादको पनि बाबुको अनशनमै निधन भएपश्चात् स्थिति अझैसम्म अज्ञात छ। न्यायको भीख माग्ने क्रममा एउटा परिवारको भविष्य नै चौपट भएको छ।

आफ्नो सर्वस्व गुमाएर पनि न्यायका निम्ति आशाको दियो बालेर अनशनमा रहेकी गंगामायाको पीडाले सरकारलाई दुख्दैन र द्वन्द्वकालीन मुद्दाका नामका तत्कालीन पार्टी अध्यक्ष प्रचण्डलाई पोल्दैन भने देशमा सर्वसाधारणले के आश गर्ने ? अहिले एमाओवादी र एमाले मिश्रित नेकपाको सरकार छ। सत्ता र शक्तिको उन्मादमा सरकारले सर्वोच्च अदालतको आदेश र फैसला कार्यान्वयन नगर्नु न्यायालयको अपमान गर्नु हो। सरकार साँच्चै लोकतान्त्रिक नै छ र नागरिकको अधिकारप्रति गम्भीर छ भने गंगामायालाई मर्न दिनुहुँदैन। कम्युनिस्ट सरकारले गंगामायाको मृत्युको कामना गरेर कलंकको टीका लगाउन आतुर छ भने त्यो मृत्यु निकै नै महँगो साबित हुनेछ।

*- सुरेश गोर्खाली, गोरखा।*

### राज्यकोषको बढ्दो दोहन

नेकपा नेतृत्वको शक्तिशाली सरकारले सत्ताधारी दलका कार्यकर्ताहरूलाई स्वेच्छाचारी ढंगले आर्थिक सहायता बाँडेर कीर्तिमान कायम गरेको छ। संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री रवीन्द्र अधिकारीले १ सय ३१ संस्था तथा प्रतिष्ठानलाई पुँजीगत अनुदानका नाममा अन्धाधुन्ध ६० करोड रुपियाँ बाँडेर राज्यकोषको ब्रह्मलुटमा कीर्तिमान कायम गरेका छन्। आर्थिक वर्षको उत्तरार्द्धमा मन्त्री अधिकारीले मन्त्रीस्तरीय निर्णय गरी संस्कृति प्रवर्द्धन कार्यक्रमका नाममा रकम बाँडेर शक्ति प्रदर्शन गरेका छन्।

सरकारले राज्यकोषबाट अति विपन्न, आर्थिक अवस्था कमजोर भई उपचार गर्नसमेत कठिनाइ भएका, संरक्षित अल्पसंख्यकका हकमा आर्थिक सहयोग उपलब्ध गराउन सक्ने प्रावधान छ। तर, दलका कार्यकर्तालाई सत्ताको आडमा स्वेच्छाचारी ढंगले आर्थिक सहायता बाँड्नु राज्यकोषको चरम दुरूपयोग हो। रकम प्राप्त गर्नेमा विभिन्न दलका नेता, साहित्यकार र कलाकारका नाममा खुलेका संस्था र प्रतिष्ठान छन्, जसमध्ये अधिकांश नेकपाका नेता र निकट कलाकार, साहित्यकारका नाममा खुलेका संस्था र प्रतिष्ठान रहेका छन्। अपवादबाहेक अधिकांश संस्था र प्रतिष्ठान निष्क्रिय र झोले प्रकृतिका र तिनीहरूको सामाजिक गतिविधिसमेत शून्य रहेकाले संस्कृति संवर्द्धन र प्रवर्द्धनको औचित्य पुष्टि हुन सकेको छैन।

राज्यकोष भनेको आमनागरिकले आफूले गरेको आर्जनबाट करस्वरूप बुझाएको रकम हो। यसमा सञ्चित रकमको दुरूपयोग हुनु स्वाभाविकरूपमा नागरिकले तिरेको करको दुरूपयोग हुनु हो। विगतमा पनि यसरी नै अन्धाधुन्धरूपमा आर्थिक सहायता बाँडेर राज्यकोषको दुरूपयोग हुँदै आएको थियो। आदर्श फलाक्ने कम्युनिस्ट सरकारले विगतकै पदचाप पछ्याएर आफूखुशी रकम वितरण गर्नुले 'जुन जोगी आए पनि कानै चिरेका' भन्ने उखान चरितार्थ गरेको छ। शक्ति र सत्ताको उन्मादमा मापदण्डविपरीत आफू निकटका संघसंस्थालाई रकम बाँड्नु कुनै पनि मानेमा उचित मान्न सकिँदैन। यो एक प्रकारको अनियमितता र खुला भ्रष्टाचार हो। किनभने, मन्त्रालयले राज्यको ढुकुटीबाट बाँडेको रकम सम्बन्धित संस्थाले विनामापदण्ड आफूखुसी खर्च गर्न सक्छन्। यसरी खर्च गरेको रकमको विवरण सरकारलाई बुझाउन पर्दैन। अर्थात्, जस-जसले यसरी राज्यकोषको रकम पाए त्यो शाहकालीन समयमा दिइएको 'बक्सिस'बराबर हो। जनताको सेवा गर्ने अठोट गरेर मन्त्रालय सम्हालेका मन्त्रीले आफूखुशी 'बक्सिस' दिन मिल्छ ? सत्ताको आडमा राज्यकोषको दुरूपयोग गर्न मिल्छ ? जनताले तिरेको करप्रति जवाफदेही बन्न पर्दैन ? अहिले उठेका सवाल हुन् यी।

सरकारका मन्त्रीले लोककल्याणकारी काम गरेर जनताको मन जित्न सक्नुपर्छ। तर, यहाँ दलका नेता/कार्यकर्ताको हालिमुहाली भएका संस्थालाई रकम बाँडेर मन्त्रीले सस्तो लोकप्रियता हासिल गर्न खोजेका छन्, जुन उनकै लागि प्रत्युत्पादक छ। किनभने, राज्यकोषको रकम बाँडिएका संस्था तथा प्रतिष्ठानका पदाधिकारीले प्राप्त अनुदानको पूरै दुरूपयोग गर्ने गरेका दृष्टान्त छन्। नेता तथा सांसद्हरूको उपचार खर्चका नाममा होस् वा चाडबाडको समयमा किन नहोस्, मन्त्रिपरिषद्बाटै निर्णय गराएर कार्यकर्तालाई रकम पोस्ने प्रवृत्ति विगतदेखि नै हाबी छ। स्मरणीय छ, उनै मन्त्री अधिकारीले संसदीय विकास समितिको सभापति रहँदा विभिन्न मन्त्रालयबाट वितरण हुने आर्थिक सहायता र अनुदानको विरोध गर्दै त्यस्ता निर्णय नगर्न समितिका तर्फबाट निर्देशन दिएका थिए।

अर्थमन्त्री डा. युवराज खतिवडाले पनि अनुत्पादक क्षेत्रमा राज्यकोषको रकम वितरणमा कठोर रणनीति अख्तियार गर्ने उद्घोष गरेका थिए। तर, भनाइ र गराइको विरोधाभासबीच सरकारले आर्थिक समृद्धिको नारा अलाप्दै शालिक र गेट निर्माणजस्ता अनुत्पादक काममा अनुदान बाँडेर आफैंमाथि पटाक्षेप गरिरहेको छ। आर्थिक सहायता वा पुँजीगत अनुदानका नाममा भइरहेको राज्यकोषको बढ्दो दोहन रोक्न संसद्को लेखा समिति, महालेखा परीक्षक, अख्तियार दुरूपयोग अनुसन्धान आयोगजस्ता निकायले सक्रियतापूर्वक नियमन गर्नु जरुरी देखिएको छ।

*- प्रदीप राना, बुटवल।*

## सामाजिक सञ्जाल



वर्गसंघर्षको यथार्थ अहिले सतहमा नाङ्गोरुपमा प्रकट भैरहेको छ। सामान्य अवस्थामा उदार र वस्तुनिष्ठजस्ता देखिने 'लोकतन्त्रवादी' बुद्धिजीवीहरुले कम्युनिस्टहरुको बलियो सरकार बनेदेखि नाङ्गै रुपमा आफ्नो अनुहार देखाइरहेछन्। वर्गसंघर्षको यो मोडमा केही वामपन्थी भन्नेहरु पनि त्यही लाममा देखिए।

**NKShresthaPrakash**
**@nksthaprakash**



सरकारले गरेको गलत कामको विरोध गरौं, दबाब दिऔं। तर कांग्रेसले जितेर कम्युनिस्टले हारेको भएचाहिं रामराज्य नै हुन्थ्यो भन्ने टाइपका कुरा नगरे हुन्थ्यो कि ! ५ वर्षमा आवधिक निर्वाचन हुने देशमा 'अधिनायकवाद आउँछ' भन्दै बर्बराएर किन फिँज काढ्नु ?

**Ranjit Tamang**
**@RaneyTam**



मसगँ धेरै कमजोरी होलान् तर एउटा 'खूबी' पनि छ, म कसैसँग मतलबको सम्बन्ध गाँस्दिन।

**अम्बी**
**@ambu_ilam**